राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक २१६ | २०८३ बैशाख ७ गते सोमवार | (Monday, 20 April, 2026) | पृष्ठ ४ | मूल्य रु. ५

# भन्सार कडाइले सीमामा असर

## साना किनमेलमै समस्या, रोटी-बेटी सम्बन्धमा असर पर्ने चिन्ता

**शैलेन्द्र महतो**

*जनकपुरधाम, वैशाख ४ गते ।*

शनिबार दिउँसो साढे ३ बजेतिर टाउकोमा चामलको बोरा बोकेर भारतीय बजार भिठामोडबाट नेपाल छिरेकी महोत्तरी, जलेश्वरकी संगीता यादव त्रसित थिइन् । चामलसहित अन्य केही सामान किन्न सीमा पारि पुगेकी उनले सय रुपैयाँभन्दा बढीको सामानमा भन्सार तिर्नुपर्ने नियम त्यहीँ थाहा पाइन् । त्यसपछि उनी २० किलोको एक बोरा चामल मात्र लिएर फर्किंदै थिइन् ।

'टाढाबाट गाडी भाडा तिरेर बजार पुगेकी थिएँ । त्यहाँ पुगेपछि मात्र भन्सारमा कडाइ गरिएको थाहा पाएँ । त्यसैले एउटै बोरा चामल लिएर फर्किएँ । यसको पनि भन्सार तिर्न लगाउँछन् कि थाहा छैन,' उनले सुनाइन् ।



सम्सीस्थित नेपाल–भारत सीमामा चेकजाँच गर्दै सशस्त्र प्रहरी । तस्बिर: शैलेन्द्र महतो

केही दिनदेखि सरकारले नेपाल-भारत सीमा नाकामा भन्सार असुलीमा कडाइ गरेको छ । सय रुपैयाँभन्दा माथिको सामान ल्याउँदा अनिवार्य भन्सार तिर्नुपर्ने भन्दै सशस्त्र प्रहरीले नाकाहरूमा माइकिङ गरी सर्वसाधारणलाई जानकारी गराइरहेको छ । भन्सार महसुल ऐन, २०८१ को दफा १३ को उपदफा (३) को अधिकार प्रयोग गरी सरकारले गत जेठ १५ गतेदेखि नै यात्रुका लागि यो नियम लागू गरेको थियो । तर, व्यवहारमा कडाइ गरिएको थिएन । पछिल्लो समय गृह मन्त्रालयको निर्देशनमा नाकाहरूमा कडाइ गरिएपछि सीमा क्षेत्रका बासिन्दा चिन्तित भएका छन् । सस्तो सामानको लोभमा सीमावर्ती क्षेत्रका अधिकांश नागरिक भारतीय बजारमा निर्भर छन् ।

**'नेपाली बजारमै सस्तो पाए भारत किन जानुपर्थ्यो र ?'**

संगीता यादवका अनुसार नेपाली बजारमै सस्तोमा खाद्यान्न पाइने भए आफूजस्ता गरिब भारतीय बजार जानुपर्ने बाध्यता हुने थिएन । 'सरकारले यता केही सुविधा दिएन, उल्टै कडा नियम लगायो । यता सबै महँगो छ, गरिब मान्छे कसरी बाँच्ने ?' उनले प्रश्न गरिन्, 'यता पनि सामान सस्तो गरिदिए हुन्थ्यो, अनि मात्र भन्सारमा कडाइ गरोस् ।' घरायसी सामान किनेर भिठामोडबाट रिक्सामा फर्किरहेका जलेश्वरका राजकुमार कर्णको सामान सशस्त्र प्रहरीले जलेश्वर भन्सार अगाडि चेकजाँच गर्‍यो । उनी डराएका थिए, तर प्रहरीले यसपटक सम्झाई-बुझाई गरेर छाडिदियो ।

'प्रहरीले चेकजाँच गरेर अबदेखि यस्तो नगर्नु भन्दै सचेत गरायो,' उनले भने, 'अलि सस्तो हुने भएकाले घरव्यवहारका सामान पारिबाट ल्याउने गरेको थिएँ, अब त गाह्रो हुने देखियो ।' भन्सारको कडाइलाई उनले मिश्रित रूपमा लिएका छन् । 'देशको समृद्धिका लागि नियम त ठीकै हो, तर नेपालीको वर्तमान जीवनस्तरका हिसाबले यो कठिन छ । हाम्रो कमाइअनुसार अब खर्च धान्न सक्ने अवस्था रहँदैन,' उनले थपे ।

**सबै नाकाका समस्या उस्तै**

महोत्तरीको भिठामोड नाकामा प्रहरीले केही हदसम्म व्यवहारिकता देखाए पनि कडाइको खबर फैलिएसँगै पारि जानेहरूको सङ्ख्या घट्दै गएको छ । सीमामा खटिएका एक सशस्त्र प्रहरी जवानले भने, 'नियम लागेपछि मान्छेहरू सचेत हुँदै गएका छन्, अहिले बजार जान आउनेहरूको चाप कम

*- बाँकी पृष्ठ ३ मा*

# सरकारी कर्मचारीलाई अब १५/१५ दिनमै तलब

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, बैशाख ६ गते ।*




सरकारले कर्मचारीलाई १५-१५ दिनमा तलब दिने निर्णय गरेको छ । अर्थमन्त्री स्वर्णिम वाग्लेले अर्धमासिक रूपमा सरकारी कर्मचारीहरूलाई तलब दिने निर्णय गरेका हुन् । कर्मचारीको आर्थिक सहजताका लागि मन्त्रालयले नयाँ व्यवस्था सुरु गर्न लागेको हो ।

अहिलेसम्म भने ३० दिन अर्थात् महिना दिनमा तलब दिने गरिएको छ । अर्थमन्त्री स्तरबाट ४ वैशाखको निर्णयअनुसार महिनामा दुईपटक तलब र भत्ताको भुक्तानी हुनेछ । अर्थ मन्त्रालयका सहसचिव सुमन दाहालद्वारा हस्ताक्षरित पत्रमा यो व्यवस्था मिलाउन भन्दै महालेखा नियन्त्रक कार्यालयलाई निर्देशन दिएको छ । कर्मचारीहरूको दैनिक खर्च व्यवस्थापनमा सहजता ल्याउन र नगद प्रवाहलाई बजारमा चलायमान बनाउन यो कदम चालिएको हो ।

यसअघि मासिक रूपमा भुक्तानी हुँदा कर्मचारीहरूलाई महिनाको मध्यतिर आर्थिक दबाब पर्ने गरेको गुनासोलाई सम्बोधन गर्दै यो 'अर्धमासिक' प्रणाली अघि सारिएको हो ।

**खोप लगाऔं, रोगबाट बचौं र बचाऔं।**

- सबै बालबालिकालाई तोकिएको समयतालिकाअनुसार खोप लगाऔं।
- नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं।
- खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं।
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध निःशुल्क खोप सेवाबारे जानकारी लिऔं।
- समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं।
- खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
- सन्त 'व्यथित'

## सम्पादकिय............

# १०० रुपैयाँको सीमा अव्यावहारिक !

सीमाक्षेत्रका जनताको दैनिक जीवनसंग प्रत्यक्ष जोडिएको विषयमा सरकारले लिएको भन्सारसम्बन्धी निर्णयप्रति उठेको असन्तोषलाई गम्भीर रुपमा लिन आवश्यक छ । भारतबाट किनमेल गरेर ल्याइने सामानमा कडाइका साथ भन्सार शुल्क असुल्ने नीति मूलत: आन्तरिक बजार संरक्षण र राजस्व वृद्धिको उद्देश्यले गरिएको भए पनि यसको व्यवहारिक असर सीमावर्ती बासिन्दामाथि बढी परेको देखिन्छ । सरकारले नेपाली उपभोक्ताले भारतीय बजारबाट १०० रुपैयाँभन्दा बढी मूल्यको सामान ल्याउँदा भन्सार तिर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गर्न थालेपछि यसको प्रभाव अझ स्पष्ट देखिएको छ । १०० रुपैयाँजस्तो न्यून सीमा तोकिंदा दैनिक उपभोगका सामान्य सामानसमेत भन्सारको दायरामा पर्ने अवस्था बनेको छ । जसले सीमाक्षेत्रका सर्वसाधारणलाई प्रत्यक्ष मारमा पारेको छ ।

वास्तविकता के हो भने सीमाक्षेत्रका नागरिकका लागि भरतीय बजार केवल विकल्प मात्र होइन, जीवनयापनको सहज आधार बनेको छ । नेपालभित्रै उपलब्ध वस्तुहरु महँगो हुनु, ढुवानी लागत, बिचौलियाको प्रभाव र प्रतिस्पर्धाको अभावका कारण एउटै सामानका लागि उपभोक्ताले तीनचार गुणा बढी मूल्य तिर्नुपरेको अवस्था छ । यस्तो परिस्थितिमा सस्तो र सहज भारतीय बजारप्रति निर्भरता स्वभाविक हो । सरकारको दृष्टिकोणलाई पूर्णत: अस्वीकार गर्न सकिंदैन । अनियन्त्रित रुपमा बाह्य सामान भित्रिंदा स्वदेशी उद्योग र व्यापारमा नकारात्मक असर पर्न सक्छ । तर, नियमनको नाममा जनजीवन नै कष्टकर बनाउने नीति दीर्घकालीन रुपमा प्रभावकारी हुँदैन । विशेषत: १०० रुपैयाँको सीमा व्यवहारिक नदेखिएको सन्दर्भमा यसलाई पुनर्विचार गर्नु अपरिहार्य देखिन्छ ।


यस समस्याको समाधान कठोरतामा होइन, सन्तुलनमा खोजिनुपर्छ । पहिलो, सीमाक्षेत्रका बासिन्दाका लागि घरायसी प्रयोजनका सामानमा सहुलियतसहितको यथार्थपरक सीमा निर्धारण गरिनुपर्छ । १०० रुपैयाँको सट्टा उच्च र व्यावहारिक सीमा तोकिंदा सर्वसाधारणलाई राहत मिल्न सक्छ । दोस्रो, नेपालभित्रै वस्तुको मूल्य नियन्त्रण र बजार अनुगमनलाई प्रभावकारी बनाउनु आवश्यक छ। जबसम्म आन्तरिक बजार महँगो र अव्यवस्थित रहन्छ, बाह्य बजारप्रति निर्भरता घट्ने छैन । तेस्रो, स्थानीय उत्पादन र साना उद्योगलाई प्रवर्द्धन गरी प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्नुपर्छ । स्वदेशी उत्पादन गुणस्तरीय र सुलभ मूल्यमा उपलब्ध भएमा उपभोक्ताको रोजाइ स्वत: नेपालतर्फ फर्किनेछ। चौथो, सीमाक्षेत्रका नागरिकको विशेष अवस्था बुझेर नीतिमा लचकता अपनाउनु आजको आवश्यकता हो । यहाँ बुझ्नुपर्ने कुरा के भने नीति बनाउँदा जनताको व्यवहारिक आवश्यकता र भौगोलिक यथार्थलाई प्राथमिकतामा राख्नुपर्छ । सरकार र नागरिकबीच विश्वास कायम राख्दै १०० रुपैयाँको अव्यावहारिक सीमा पुनर्विचारसहित भन्सार नीतिमा परिमार्जन गर्नु नै अहिलेको सही र दूरदर्शी कदम हुनेछ ।

## राशिफल

मेष - रकम हातलागी हुनेछ ।
वृष - व्यापारमा फाइदा हुनेछ ।
मिथुन - फड्को मार्न सकिनेछ ।
कर्कट - ऋण लिनुपर्ने हुन सक्छ ।
सिंह - उचित मूल्य पाइनेछ ।
कन्या - काममा बाधा हुन सक्छ ।
तुला - साधन सजिलै जुट्नेछन् ।
वृश्चिक - स्रोत फेला पर्नेछन् ।
धनु - त्याग्नुपर्ने हुन सक्छ ।
मकर - पछिलाई फाइदा हुनेछ ।
कुम्भ - खुसियाली छाउनेछ ।
मिन - योजना थाल्ने समय छ ।

# न्यायाधीश नियुक्तिमा भागबन्डा कि 'मेरिटोक्रेसी'?

■ भाषा शर्मा




प्रधानन्यायाधीश र तीन न्यायाधीश रिक्त रहेको सर्वोच्च अदालतमा अबको नियुक्ति प्रक्रियाबारे न्यायिक वृत्तमा बहस सिर्जना भएको छ । बालेन्द्र शाह नेतृत्वको सरकारले न्यायाधीश नियुक्ति मेरिटोक्रेसी (योग्यताक्रम) र प्रतिस्पर्धात्मक प्रणालीका आधारमा गर्ने भनेसँगै बहसको विषय बनेको हो ।

न्यायाधीश नियुक्तिको विषयमा सधैं प्रश्न उठ्दै आएको छ । खासगरी विगतमा न्यायाधीश नियुक्तिमा राजनीतिक भागबन्डा गरिँदा न्यायालय विकृत र दलगत छायामा परेको भनेर आलोचना हुने गरेको थियो । राजनीतिक भागबन्डाका न्यायमूर्तिहरूले स्वतन्त्र, निष्पक्ष र न्यायपूर्ण कार्यसम्पादन गर्न नसक्ने भएकाले योग्यताका आधारमा प्रतिस्पर्धाबाट न्यायाधीश नियुक्त गरिनुपर्ने आवाज उठ्दै आएको छ ।

यस विषयलाई सम्बोधन गर्नेगरी सरकारले १ वैशाखमा सार्वजनिक गरेको राष्ट्रिय प्रतिबद्धतापत्रमा न्यायाधीश नियुक्तिको आधारबारे पनि उल्लेख गरेको छ । प्रतिबद्धतापत्रमा भनिएको छ, 'नियुक्तिमा इमानदारी र नैतिकता परीक्षणको विधि अलवम्बन गरिनेछ। न्यायाधीश नियुक्ति मेरिटोक्रेसी र प्रतिस्पर्धात्मक प्रणालीका आधारमा गरिनेछ ।'

यद्यपि, मेरिटोक्रेसीको मापदण्ड र ढाँचा के हुने भनेर सरकारले खुलाएको छैन, न यसबारे छलफल, सार्वजनिक बहस नै चलाएको छ । कस्ता योग्यता भएका व्यक्तिलाई कुन प्रक्रियाबाट न्यायाधीश नियुक्ति गर्ने भन्ने स्पष्ट मापदण्ड तय नहुँदा 'मेरिटोक्रेसी' को कुरा शब्दको भुलभुलैया मात्र बन्न जाने देखिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले गत २१ फागुनको प्रतिनिधिसभा चुनावका लागि जारी गरेको वाचापत्रमा पनि न्यायाधीश नियुक्ति मेरिटोक्रेसी र प्रतिस्पर्धात्मक प्रणालीमा आधारमा गर्ने नीतिगत व्यवस्था गर्ने विषय समेटेको थियो । उच्च अदालत र सर्वोच्च अदालतका न्यायाधीश नियुक्ति प्रक्रियामा दलगत प्रभाव, आन्तरिक प्रतिस्पर्धाको अभाव तथा भागबन्डा सिफारिस हुँदै आएको प्रवृत्तिलाई अन्त्य गर्ने लेखिएको थियो । बुँदा नम्बर १६ मा भनिएको थियो, 'मेरिटोक्रेसी र प्रतिस्पर्धात्मक प्रणालीमा आधारित नीतिगत व्यवस्था अवलम्बन गर्नेछौं । योग्यताक्रमका आधारमा छनोट भएका व्यक्तिलाई उच्च, सर्वोच्च अदालतमा न्यायाधीश नियुक्तिका लागि न्याय परिषद्समक्ष सिफारिस गर्ने व्यवस्था गर्नेछौं ।'

यस वाक्यले न्याय परिषद्ले न्यायाधीश सिफारिस गर्ने नभई न्याय परिषद्समक्ष सरकारले सिफारिस गर्ने भन्ने बुझाउँछ । प्रचलित कानुन र संविधानको मर्मअनुसार आरक्षण तथा समावेशिताको व्यवस्था सुनिश्चित गर्ने वाचापत्रमा उल्लेख छ । चुनावमा करिब दुईतिहाइको बहुमत ल्याएको रास्वपाले सरकार बनाएसँगै वाचापत्रकै पेटबोलीअनुसार राष्ट्रिय प्रतिबद्धतापत्रमा न्यायाधीश नियुक्तिको आधार उल्लेख गरिए पनि स्पष्ट बाटो तोकिएको छैन ।

हालको अभ्यासमा वरिष्ठताका आधारमा प्रधानन्यायाधीश नियुक्ति गर्ने गरिएको छ । संवैधानिक कानुनका ज्ञाता वरिष्ठ अधिवक्ता ललितबहादुर बस्नेत सरकारले मेरिटोक्रेसीको कुनै मापदण्ड र प्रक्रिया नखुलाएको, संविधानमा पनि यसबारे उल्लेख नभएकाले अहिलेका लागि संविधानको विद्यमान व्यवस्थाअनुसार नै न्यायाधीश नियुक्ति गर्नु उचित हुने बताउँछन् । "भोलि संविधान संशोधन गरेर मेरिटोक्रेसीको व्यवस्था राख्न सकिन्छ, अहिले चाहिँ संविधानको व्यवस्थाअनुसार नै नियुक्ति गर्नुपर्छ," उनी भन्छन् । क्षमता, नैतिकता, वरिष्ठता, अनुभव, योग्यता, इमानदारी नै मेरिटोक्रेसी भएकाले त्यसैअनुसार नियुक्ति गर्नुपर्ने बस्नेतको सुझाव छ ।

नेपाल बार एसोसिएसनका अध्यक्ष विजयप्रसाद मिश्र विगतका हरेकजसो सरकारले नियुक्तिमा मेरिटोक्रेसीको कुरा गर्दै आए पनि त्यसअनुसार काम गर्न नसकेको बताउँछन् । "अहिले पनि सरकारले मेरिटोक्रेसीका आधारमा न्यायालयमा नियुक्ति गर्ने कुरा गरेको छ, कुन संयन्त्रले कसरी काम गर्छ भनेर सरकारले प्रस्ट पार्नुपर्छ," उनी भन्छन् । अहिले सर्वोच्च अदालत, उच्च अदालतमा रिक्त पदमा संवैधानिक सीमा पालना गरेर समयमै नियुक्ति गर्नुपर्ने उनी बताउँछन् ।

वरिष्ठ अधिवक्ता रामप्रसाद श्रेष्ठ सरकारले भने जस्तो मेरिटोक्रेसीका आधारमा नियुक्ति गर्न मापदण्ड बलियो बनाएर कार्यान्वयन गर्न सकिने र त्यस क्रममा सरकारबाट नियुक्तिमा हस्तक्षेप नहुने गरी व्यवस्था गर्नुपर्ने सुझाव दिन्छन् । चार वर्ष न्याय परिषद् सदस्य रहेर काम गरेका श्रेष्ठ न्याय परिषद्को अहिलेको संरचना नै उचित नभएको बताउँछन् । परिषद्मा सरकारका दुई जना प्रतिनिधि हुँदा न्यायाधीश नियुक्तिमा कानुनमन्त्रीले हस्तक्षेप गर्ने गरेको उनको भनाइ छ । "हाम्रो पाला (२०७७-२०८१)मा नियुक्ति गर्दा मापदण्ड बनाएका थियौं, मापदण्डका आधारमा नियुक्ति गर्दा पहिले जस्तो विवाद भएन," उनी भन्छन् ।

**प्रधानन्यायाधीश नियुक्तिमा ढिलाइ**

प्रधानन्यायाधीश नियुक्ति हुन नसक्दा अहिले न्यायालय कायममुकायम (कामु) नेतृत्वको भरमा छ । न्याय परिषद्ले प्रधानन्यायाधीशका लागि नाम सिफारिस गरिसके पनि संवैधानिक परिषद् पूर्ण नभएका कारण नियुक्त हुन नसकेको हो । १७ चैत २०८२ मा प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले ६५ वर्षको उमेरहदका कारण अवकाश पाएपछि १८ चैतदेखि सपना प्रधान मल्लले कामु प्रधानन्यायाधीशको जिम्मेवारी सम्हालेकी छिन् । उनले सबैभन्दा वरिष्ठतम न्यायाधीशका आधारमा कामु जिम्मेवारी पाएकी हुन् ।

वरिष्ठ अधिवक्ता बस्नेत न्यायपालिकामा लामो समय कायममुकायम राख्न नहुने, न्याय परिषद्ले गरेको सिफारिसभित्रबाटै प्रधानन्यायाधीश छिटै नियुक्ति गर्नुपर्ने बताउँछन् । "कामु रहँदा काम गर्न आत्मविश्वास कमजोर हुन्छ, न्यायिक पद्धतिलाई नै असर गर्ने भएकाले संवैधानिक परिषद्ले समयमै प्रधानन्यायाधीश नियुक्ति गर्नुपर्छ," उनी भन्छन् ।

प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषद्को सदस्यमा प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलका नेता र उपसभामुख रहने व्यवस्था छ । वरिष्ठ अधिवक्ता बस्नेत न्याय परिषद्कै सिफारिसका आधारमा प्रधानन्यायाधीश नियुक्ति हुनुपर्ने बताउँछन्। भन्छन्, "न्याय परिषद्ले पठाएको सिफारिस मिचिएमा आधार र कारण खुलाउनुपर्छ ।"

न्याय परिषद्ले एक महिनाअघि नै प्रधानन्यायाधीशको नियुक्तिका लागि ६ जना न्यायाधीशको नाम संवैधानिक परिषद्मा सिफारिस गरेको थियो । प्रधानमन्त्रीमा सुशीला कार्की रहेकै बेला २६ फागुनमा न्याय परिषद्को बैठकले प्रधानन्यायाधीश हुन योग्यता पुगेका ६ जनाको नाम सिफारिस गरेको थियो । तत्कालीन प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतको अध्यक्षतामा बसेको न्याय परिषद् बैठकले न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाल, मनोजकुमार शर्मा, नहकुल सुवेदी, तिलप्रसाद श्रेष्ठको नाम सिफारिस गरेको थियो । पठाइएको नामावलीबाट एक नाम छनोट गरी संवैधानिक परिषद्ले सिफारिस गर्ने प्रस्तावित प्रधानन्यायाधीशको संसदीय सुनुवाइ गरी अनुमोदन भएपछि नियुक्त हुने व्यवस्था छ ।

संविधानमा प्रधानन्यायाधीशको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा र सर्वोच्चका न्यायाधीशको नियुक्ति न्याय परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति प्रधानन्यायाधीश नियुक्त हुने व्यवस्था छ ।

नेपाल बारका अध्यक्ष मिश्र प्रधानन्यायाधीश र न्यायाधीश नियुक्तिमा पहिलेदेखि नै संविधान मिचिँदै आएको बताउँछन्। "संविधानले तोकेअनुसार एक महिनाअघि नै प्रधानन्यायाधीशको टुंगो लगाउनुपर्ने हो, तर त्यसो नहुँदा संविधानको उल्लंघन भएको छ," उनी भन्छन्, "अबदेखि संविधानले तोकेको समयसीमाभित्रै प्रधानन्यायाधीश, न्यायाधीश, संवैधानिक निकायका पदाधिकारीको नियुक्ति गरेर संविधानको अक्षरशः पालना गर्नुपर्छ।" संविधानको पालनाभन्दा उल्लंघनको ग्राफ धेरै भएको र संविधान उल्लंघन गरेर प्रधानन्यायाधीश, न्यायाधीशका सम्भाव्य उम्मेदवारलाई दबाबमा राख्न खोजेको देखिने उनी बताउँछन्।

संविधानतः प्रधानन्यायाधीश पदमा रिक्तताको कल्पना गरिएको छैन । संविधानमा भएको व्यवस्था कार्यान्वयन नहुनु भनेको संविधान मिचिनु हो। संविधानको धारा २८४ (३)मा प्रधानन्यायाधीशको पद रिक्त हुनुभन्दा एक महिनाअगावै संवैधानिक परिषद्ले नियुक्तिको सिफारिस गर्नुपर्ने व्यवस्था छ । जसमा लेखिएको छ, 'संवैधानिक परिषद्ले प्रधानन्यायाधीश वा संवैधानिक निकायका कुनै प्रमुख वा पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिनाअगावै यस संविधानबमोजिम नियुक्तिका लागि सिफारिस गर्नुपर्नेछ ।'

तर, संविधानको यस प्रावधानको निरन्तर उल्लंघन हुँदै आएको छ । संवैधानिक परिषद्ले समयमै प्रधानन्यायाधीशको सिफारिश नगर्दा कायममुकायम नेतृत्वको भरमा न्यायालय चल्नुपर्ने परिस्थिति बनिरहेको छ। तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराविरुद्ध संसद्मा १ फागुन २०७८ मा महाभियोग प्रस्ताव दर्ता भएर निलम्बित भएपछि दीपककुमार कार्की कायममुकायम प्रधानन्यायाधीश बनेका थिए । कामु रहेकै अवस्थामा उनले ६५ वर्षको उमेरहदका कारण १७ असोज २०७९ मा अवकाश पाए । त्यसअघि नै उनी बिदामा बसेपछि ११ असोज २०७९ मा वरिष्ठताका आधारमा हरिकृष्ण कार्की कामु प्रधानन्यायाधीश बने । उनलाई संवैधानिक परिषद्ले समयमै सिफारिस गर्न सकेन । जसका कारण आठ महिना कामु प्रधानन्यायाधीश चलाएका कार्की जम्मा डेढ महिना प्रधानन्यायाधीश बनेका थिए । १ असार २०८० मा प्रधानन्यायाधीश बनेका उनी सोही वर्षको २० साउनमा उमेरहदका कारण अवकाशमा गए ।

२७ मंसिर २०७९ मा जबराले अवकाश लिएपछि जेठ २०८० सम्म ६ महिना कायममुकायमको भरमा न्यायालय चलाइएको थियो । यसपालि पनि समयमै प्रधानन्यायाधीश नियुक्त हुन नसक्दा मल्लले कामु प्रधानन्यायाधीशको जिम्मेवारी लिएको १५ दिन भइसकेको छ ।

सर्वोच्च अदालतमा प्रधानन्यायाधीश र बढीमा २० जना न्यायाधीश रहने व्यवस्था छ । यीमध्ये तीन न्यायाधीशको पद रिक्त छ । संविधानको धारा १२९ मा प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको नियुक्ति र योग्यताको व्यवस्था गरिएको छ ।

*- बाँकी पृष्ठ ३ मा*

# न्यायाधीश नियुक्तिमा भागबन्डा...

न्यायाधीश नियुक्तिका लागि संविधान र न्याय परिषद् ऐनले योग्यता तोकेको छ । वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमानदारी, निष्पक्षता, पेसागत तथा नैतिक आचरण, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याति, न्याय र कानुनको क्षेत्रमा गरेको योगदानसमेतका दृष्टिकोणबाट न्यायाधीश नियुक्ति गर्नुपर्ने कानुनी व्यवस्था छ । पूर्वप्रधानन्यायाधीश हरिकृष्ण कार्की संयोजकत्वको नौसदस्यीय अध्ययन समितिले एक वर्ष लगाएर अध्ययन गरी 'न्यायपालिकामा हुनसक्ने विकृति विसंगति, अनियमितता वा भ्रष्टाचार एवं बिचौलियाबाट हुनसक्ने क्रियाकलापहरू र त्यसको रोकथामका लागि चाल्नुपर्ने उपाय सम्बन्धमा पेश गरेको प्रतिवेदन, २०७८' तयार पारेको थियो । प्रतिवेदनले कतिपय अवस्थामा नातावाद, कृपावाद, संरक्षणवाद, भागबन्डाका आधारमा नियुक्तिको सिफारिस गर्ने परिपाटीका कारण तोकिएको मापदण्डअनुसार हुन नसकेको उल्लेख छ ।

प्रधानन्यायाधीश र संवैधानिक निकायका पदाधिकारीको नियुक्ति गर्ने संवैधानिक परिषद् र न्यायाधीश नियुक्ति गर्ने न्याय परिषद्को संरचनामै प्रश्न उठिरहेका बेला सरकारले मेरिटोक्रेसी, प्रतिस्पर्धाका आधारमा न्यायाधीश नियुक्ति गर्ने घोषणा गरेको हो ।

**संवैधानिक र न्याय परिषद्को संरचनामा प्रश्न**

संवैधानिक परिषद् र न्याय परिषद्को संरचनाबारे बेलाबेला प्रश्न उठ्ने गरेको छ। संवैधानिक परिषद्मा प्रधानन्यायाधीशलाई सदस्यका रूपमा राख्ने वा नराख्ने भन्ने बहस धेरै अघिदेखि हुँदै आएको छ ।

न्याय परिषद्मा प्रधानन्यायाधीश अध्यक्ष तथा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री, वरिष्ठतम न्यायाधीश, प्रधानमन्त्रीले नियुक्त गर्ने एक जना कानुन व्यवसायी र नेपाल बारबाट प्रतिनिधित्व गर्ने एक जना सदस्य रहने संरचना छ । सरकारका तर्फबाट दुई जना रहँदा न्यायाधीश नियुक्तिमा राजनीतिक हस्तक्षेप हुँदै आएको आरोप लाग्ने गरेको छ ।

पूर्वप्रधानन्यायाधीश हरिकृष्ण कार्की नेतृत्वको अध्ययन समितिको प्रतिवेदनले पनि न्याय परिषद्ले संविधानअनुसार काम गर्न नसकेको औँल्याएको छ। प्रतिवेदनले न्यायपालिकामा हुने विसंगति, भ्रष्टाचार, बिचौलियाबाट हुन सक्ने क्रियाकलापको प्रमुख कारक तत्व न्यायाधीश नियुक्ति बन्दै आएको उल्लेख गरेको छ ।

संविधानको धारा १५३ बमोजिम न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खास्ती र न्याय प्रशासनसम्बन्धी अन्य विषयको सिफारिस वा परामर्श गर्न न्याय परिषद्को गठन भएको हो । जसको प्रभावकारिता बढाउन सकिए न्यायपालिकामा हुने वा हुन सक्ने विकृति घट्ने प्रतिवेदनले उल्लेख गरेको छ । तर, संविधानले दिएको जिम्मेवारी निर्वाह गर्न न्याय परिषद् प्रभावकारी नदेखिएको, उल्टै विवादास्पद निर्णय गर्ने गरेको प्रतिवेदनले औँल्याएको छ। प्रतिवेदनमा भनिएको छ, 'नियुक्ति वा सरुवा वा कारबाहीको विषय होस्, जुनसुकै विषयको कार्यसम्पादन गर्दा पनि न्याय परिषद्का निर्णयहरू प्रायशः विवादित बनेको देखिन्छ ।'

साथै, प्रतिवेदनले न्याय परिषद्लाई न्यायाधीश नियुक्तिको सिफारिस, अनुशासन र बर्खास्तीसम्बन्धी दुवै कामको जिम्मेवारी दिन उपयुक्त हुन्छ कि हुँदैन भन्ने विस्तृत अध्ययन गरी निष्कर्षमा पुग्नुपर्ने सुझाव दिएको थियो ।

नेपाल बार एसोसिएसनले समेत संवैधानिक परिषद् र न्याय परिषद्बारे संविधान संशोधन गर्नुपर्ने धारणा राखेको थियो । नेपाल बारले ४-६ जेठ २०८१ सम्म काठमाडौँमा गरेको राष्ट्रिय सम्मेलनले न्यायपालिकासँग जोडिएका संविधानका धारा संशोधनको प्रस्ताव गरेको थियो । संविधानको धारा २८४ को उपधारा १ मा संवैधानिक परिषद्सम्बन्धी व्यवस्थाअन्तर्गतका प्रावधानको समीक्षा गर्नुपर्ने, संवैधानिक परिषद्मा प्रधानन्यायाधीश सदस्य नरहने गरी संविधान संशोधन गर्न बारले प्रस्ताव गरेको थियो । खासगरी, संवैधानिक परिषद्मा प्रधानन्यायाधीश रहँदा संवैधानिक निकायका प्रमुख र पदाधिकारीको सिफारिसमा भागबन्डा गर्न सक्ने भएकाले त्यस्तो सिफारिसमा कुनै भूमिका नरहने गरी संविधान संशोधन गर्न माग गरिएको हो ।

यस्तै, बारले संवैधानिक इजलास निरन्तर रहने गरी मुद्दा हेर्ने व्यवस्था मिलाउन सर्वोच्च अदालतमा हालको न्यायाधीश संख्या २१ अपुग हुने भएकाले बढाएर २५ बनाउनुपर्ने पनि प्रस्ताव गरेको थियो ।

प्रधानन्यायाधीश तथा न्याय परिषद्को सिफारिसमा नियुक्ति हुने सर्वोच्च अदालतका न्यायाधीशको संसदीय सुनुवाइको व्यवस्था पनि हटाउनुपर्ने बारको सुझाव छ । प्रधानन्यायाधीशको सन्दर्भमा संवैधानिक परिषद् र अन्य न्यायाधीशको सन्दर्भमा न्याय परिषद्ले योग्यताको परीक्षणका लागि सार्वजनिक सूचना प्रकाशन गरी कैफियत जाँचेर नियुक्ति गर्ने व्यवस्था मिलाउनुपर्ने, संवैधानिक आयोगका पदाधिकारीलाई मात्र संसदीय सुनुवाइ गर्न बारले सुझाव दिएको छ ।

**राष्ट्रपतिले रोकेको विधेयक र अध्यादेश**

विगतमा अध्यादेश ल्याएर संवैधानिक परिषद्सम्बन्धी ऐन, २०६६ संशोधन गर्ने प्रयास भएका थिए । राष्ट्रपति रामचन्द्र पौडेलले सुशीला कार्की नेतृत्वको सरकारले २ मंसिर २०८२ मा स्वीकृतिका लागि पठाएको संवैधानिक परिषद्सम्बन्धी अध्यादेश रोकिदिए। सरकारले 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६' संशोधन गर्न अध्यादेश ल्याउन खोजेपछि संघीय संसद्मै फिर्ता पठाइएको विधेयकको अर्को रूप भएको भन्दै अस्वीकार गरे ।

संविधानमा संवैधानिक नियुक्तिमा परिषद्को सर्वसम्मत निर्णय आवश्यक पर्ने व्यवस्था छ। कम्तीमा संवैधानिक परिषद्का अध्यक्ष र ५० प्रतिशत सदस्यको उपस्थितिमा संवैधानिक पदमा नियुक्तिको निर्णय गर्न सक्ने बाटो खोल्दै अध्यादेश पठाइएको थियो । ६ सदस्यीय संवैधानिक परिषद्मा तीन जनाको निर्णयमै संवैधानिक निकायमा पदाधिकारी नियुक्ति गर्न सकिने अघिल्लो संसद्ले पारित गरेको संवैधानिक परिषद्सम्बन्धी विधेयक यस्तै थियो ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन २०६६' हुँदाहुँदै अध्यादेश ल्याएर नियुक्ति गरेपछिको विवाद सर्वोच्च अदालत पुगेको थियो ।

ओलीले अध्यादेशअनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानवअधिकार आयोगलगायत संवैधानिक निकायमा दुई पटक गरी ५२ जना पदाधिकारीको नियुक्ति गरेका थिए ।

उक्त नियुक्ति असंवैधानिक भन्दै अधिवक्ता ओमप्रकाश अर्यालले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए । पुस २०७७ मा दर्ता भएको रिट निवेदनमा सर्वोच्चले साढे चार वर्षपछि १८ असार २०८२ मा ५२ जनाको नियुक्ति सदर गरेको थियो । उक्त फैसला गर्दा संवैधानिक इजलासका पाँच न्यायाधीशमध्ये तीन जना नियुक्ति सदर गर्ने पक्षमा र दुई जना विपक्षमा विभाजित थिए ।

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
९८४४३१२२४६

डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# भन्सार कडाइले सीमामा...

भएको छ ।'

महोत्तरी मात्र होइन; धनुषा, सिराहा, सप्तरी, सर्लाही, रौतहट, बारा र पर्साका नाकाहरूमा पनि उस्तै अवस्था छ । सशस्त्र प्रहरीको मधेस प्रदेश कार्यालयका अनुसार मधेस प्रदेशमा नेपाल-भारत सीमा ४६१.८ किलोमिटर फैलिएको छ । यहाँ १० वटा मुख्य, ३९ वटा सहायक र २३९ वटा अन्य गरी कुल २८८ नाकाहरू छन् । सीमा क्षेत्रमा सशस्त्र प्रहरीका १६८ वटा चेकप्वाइन्ट छन् । खुला सीमाका कारण सहज आउजाउ र व्यापार हुनु सामान्य भए पनि यसले तस्करीलाई समेत प्रश्रय दिएको छ । स्थानीयका अनुसार प्रहरीले चाहेमा तस्करी पूर्ण रूपमा नियन्त्रण गर्न सक्छ । तर, सय रुपैयाँको नियमले सदियौँदेखिको सांस्कृतिक तथा 'रोटी-बेटी' को सम्बन्धमा दरार पैदा गर्ने विश्लेषण हुन थालेको छ ।

**'सरकारले विवाहै रोकोस्'**

मधेसी र मैथिली समाजमा आफन्तको घर जाँदा उपहार वा कोसेली लैजाने परम्परा छ । यस्तो कडाइले सम्बन्धमा संकट ल्याउने सम्सी गाउँपालिका-६ का जम्सैद नदाफ बताउँछन् । 'विवाहमा माइतीले दिएको उपहार ल्याउँदा-लैजाँदा पनि सास्ती भोग्नुपर्ने देखियो । यो नियममा पुनर्विचार हुनुपर्छ,' उनले सुझाव दिए । यसको एउटा उदाहरण शुक्रबार धनुषाको जटही नाकामा देखियो । भारतको जयनगरकी रामकला देवी महरा छोरीको विवाहका लागि फर्निचरसहित जनकपुरको जानकी मन्दिर आउँदै थिइन् ।

तर, कोसेली स्वरूप ल्याइएको सामान सशस्त्र प्रहरीले नाकामै रोक्यो । १५ हजारको सामानमा २० हजार भन्सार मागिएपछि उनी घण्टौं अलपत्र परिन् ।

'छोरीलाई दिन १५ हजारमा फर्निचर किनेको थिएँ, अहिले २० हजार भन्सार माग्दै प्रहरीले गाडी रोकेको छ,' उनले गुनासो गरिन्, 'भन्सार तिर्ने पैसा कहाँबाट ल्याउनु ? यस्तै हो भने सरकारले एक-अर्को देशबीच हुने विवाह नै रोकिदियोस् ।'

**नियम बदल कि नाका ?**

आर्थिक अवस्था कमजोर भएका नागरिकका लागि यो नियम ठूलो बोझ बनेको छ । औरही गाउँपालिका-६ का लालबाबु महतो भन्छन्, 'तस्कर र ठूला व्यापारीलाई कडाइ गरोस्, तर दुई-चार किलो नुन-चिनी ल्याउँदा दुःख नदिए हुन्थ्यो ।' सम्सैद आलम त यो नियममा सुधार नभए नाका नै बन्द गरिदिन सुझाव दिन्छन् । 'जब हामीले दुःख नै झेल्नुपर्छ र रोटी-बेटीको सम्बन्ध नै बिग्रिन्छ भने सरकारले नाकाबन्दी नै गरिदिए हुन्छ,' उनले आक्रोश पोखे ।

सशस्त्र प्रहरी मधेस प्रदेश प्रमुख डीआईजी कृष्ण ढकाल भने प्रहरीको नियत दुःख दिने नभई सरकारी निर्देशन पालना गराउनु रहेको बताउँछन् ।

'हाम्रो उद्देश्य राजस्व वृद्धि र कर तिर्ने संस्कृतिको विकास गराउनु हो । यसमा सम्झौता गर्ने अवस्था छैन,' उनले स्पष्ट पारे ।

यद्यपि, यो नियमको राजनीतिक तहमा पनि आलोचना सुरु भएको छ । सत्तारुढ दलहरूभित्रै पनि सीमावर्ती क्षेत्रका नागरिकको सास्तीलाई हेरेर नियममा पुनर्विचार गर्नुपर्ने आवाज उठ्न थालेको छ ।

# ७९ करोड ऋणमा...

सञ्चालन खर्च अझ बढाएको नेपाल रेलवे कम्पनीले जनाएको छ। साथै, कम्पनी लामो समयदेखि महाप्रबन्धकविहीन रहेको हुँदा व्यवस्थापन कमजोर बनेको छ ।

१९९४ सालमा सुरु भएको रेल सेवा २०७० मा ब्रोड गेज विस्तारका लागि बन्द गरिएको थियो । १९ चैत २०७८ देखि पुनः सञ्चालनमा आएको रेल हाल ५२ किलोमिटर क्षेत्रमा विस्तार भइसकेको छ । कम्पनीले रेलवेको आम्दानी बढाउन तथा आत्मनिर्भर बन्न विभिन्न विकल्प अघि सारेको छ । रक्सौलस्थित २८ एकड जग्गा भाडामा दिँदा वार्षिक करिब आठ करोड रुपैयाँ आम्दानी हुने अनुमान गरिएको छ । साथै, पुरानो न्यारो गेज रहँदाको कोइला इन्जिनसहितका सामग्रीलाई रेल म्युजियम स्थापना गरी पर्यटनमार्फत आय बढाउने योजना पनि अघि सारेको छ ।

स्थानीय व्यापारीहरूले यात्रु सेवासँगै मालसामान ढुवानी सेवा विस्तार गर्नुपर्नेमा जोड दिएका छन् । स्थानीयका अनुसार यात्रु मात्र बोक्ने सेवाबाट नाफा सम्भव छैन । तत्कालीन महाप्रबन्धक झाले नेपाल रेलवे कम्पनीले आफ्नो कम्पनीलाई व्यावसायिक तथा नाफामूलक बनाउन कार्गो रेलवे सेवा शीघ्र सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिएका थिए ।

उनले आफ्नो कार्यकालमा रेलवेमा बोगी थपेर वा नयाँ रेल थपेर कार्गो सेवा सञ्चालन गर्नुपर्ने विषयमा सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गरेको जानकारी दिए । भारतको कलकत्ता बन्दरगाहबाट सस्तो दरमा नेपालमा मालसमान ढुवानी गर्ने कार्गो रेलवे सेवा सञ्चालनका लागि पहिलेदेखि जनकपुर क्षेत्रका व्यवसायीले माग गर्दै आए पनि हालसम्म सञ्चालन हुन सकेको छैन । जनकपुरका व्यवसायीका अनुसार कार्गो सेवा सञ्चालन भएमा मालसमान ढुवानीका लागि सहज हुनुका साथै सस्तो पनि हुने थियो। समयमा व्यवस्थापन सुधार, स्वदेशी दक्ष जनशक्ति उत्पादन, मालवाहक सेवा विस्तार र ऋण व्यवस्थापन गर्न सके रेल सेवा नाफामुखी बन्न सक्ने जानकारहरू बताउँछन्। बढ्दो ऋणले नेपालको एक मात्र रेल सेवा थप संकटमा पर्ने निश्चितजस्तै देखिएको धनुषाका ६० वर्षीय रामकुमार झाले बताए। रेलले दैनिक जीवन सहज बनाएकाले यसको थप विस्तार र उचित व्यवस्थापन हुनुपर्नेमा उनले जोड दिए ।

# हुरीले आँपको चिचिला...

शाखा प्रमुख प्रकाश साह हलुवाइका अनुसार किसानले 'इमिडाक्लोप्रिड'जस्ता विषादी प्रयोग गरे तापनि प्रकोप नियन्त्रण बाहिर गएको थियो। मन्जर लाग्ने समयमा भएको वर्षा र अत्यधिक हावाहुरीले समस्या झनै बल्झाएको प्राविधिकहरूको ठहर छ ।

आँपखेतीलाई मुख्य आम्दानीको स्रोत बनाएका किसानहरू यतिबेला निकै निराश छन् । लहान-२४ का किसान प्रमोद यादवले भने, "हामीलाई रोग नियन्त्रणका लागि आवश्यक ज्ञान र सीपको अभाव छ। सरकारले समयमै सचेतनामूलक कार्यक्रम र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ ।"त्यस्तै, गए रातिको हावाहुरीले बाँकी रहेका टिकुलाहरू पनि झारिदिएपछि लगानी नै नउठ्ने अवस्था आएको लहान-२२ का किसान रामवृक्ष यादवले बताए ।

उनले दुखेसो पोख्दै भने, "विषादी र मलजलमा निकै खर्च भयो, तर अहिले रुखमा टिकुला नै छैनन् । आम्दानी हुने बेला रोगको प्रकोप त एकातिर छँदैछ, अर्कोतर्फ बेस्सरी आएको हावाहुरीले आँपका अडिएका चिचिला नै झरेपछि यसपालि लगानी पनि नउठ्ने डर भयो ।"

रोगको क्षतिलाई मध्यनजर गर्दै कृषि ज्ञान केन्द्रले आगामी वर्षहरूमा मन्जर लाग्नुअगावै सचेतना कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ ।

सूचना, समाचार र मनोरञ्जनका लागि
सामुदायिक रेडियो दर्पण
८८.४ मेगाहर्ज
बिहान ५ बजेदेखि राति ११ बजेसम्म
समाचार, विज्ञापन, सल्लाह
सुझाव र प्रतिक्रियाको लागि
सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

# महिलालाई...

सशक्तिकरणमा जोड दिनुपर्ने तथा महिलाको हक तथा अधिकारका लागि राज्यले गम्भीरतापूर्वक ध्यान दिनुपर्ने आग्रह गरे । रासस जनकपुरका कार्यालय प्रमुख सुरेश झाले तालिम लिएर मात्र नहुने तालिमबाट सिकेका सीप व्यवहारमा उतार्नुपर्नेमा जोड दिए । कार्यक्रममा गरिबसँग विषेश्वर कार्यक्रमका सामाजिक परिचालक अशोक दास, तालिमका मुख्य प्रशिक्षक चन्द्रकला सिंह, लगायत व्यक्तले तालिमको महत्त्वका विषयमा धारणा व्यक्त गरे । रासस

# हुरीले आँपको चिचिला झारेपछि किसान चिन्तित

राष्ट्रिय समाचार समिति

*सिरहा, बैशाख ६ गते ।*

सिरहामा यस वर्ष आँप उत्पादनमा ह्रास आउने भएको छ । अघिल्लो वर्षको तुलनामा यसपटक उत्पादन बढ्ने अपेक्षा गरिए पनि 'मधुवा' रोग र हुरीका कारण मञ्जर र टिकुला (चिचिला) झरेपछि किसानहरू चिन्तित बनेका छन् ।



कृषि ज्ञान केन्द्रका अनुसार करिब नौ हजार २५ हेक्टर क्षेत्रफलमा लगाइएको आँपमा यस वर्ष मञ्जर निकै राम्रो लागेको थियो, तर रोगको जोखिमले गर्दा अहिले रुखहरूमा करिब १० प्रतिशत मात्र फल बाँकी रहेको छ ।

केन्द्रका सूचना अधिकृत सुदीप खनालले भने, "सिरहाको करिब नौ हजार २५ हेक्टर क्षेत्रफलमा गरिएको आँपखेतीबाट यसपटक उल्लेख्य उत्पादनको अपेक्षा थियो । तर रोगका कारण मञ्जर र टिकुला झर्ने क्रम नरोकिँदा उत्पादनमा ठूलो ह्रास आउने देखिएको छ ।" उनका अनुसार गत वर्ष जिल्लामा ५९ हजार ८८६ मेट्रिक टन आँप उत्पादन भएको तथ्याङ्क छ ।

लहान नगरपालिकाका कृषि

*- बाँकी पृष्ठ ३ मा*

# ७९ करोड ऋणमा नेपाल रेल्वे सेवा

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, बैशाख ६ गते ।*

नेपालको एक मात्र रेलवे सेवा प्रत्येक वर्ष घाटामा गइरहेको छ । रेलवे सेवा घाटामा गइरहेकाले योजनाबद्ध रूपमा कार्यसम्पादन गर्नुपर्ने र व्यवस्थापनमा सुधार गर्नुपर्ने आवश्यकता औँल्याइएको छ । लामो समयदेखि महाप्रबन्धक पद रिक्त रहेकाले व्यवस्थापनमा समस्या भएको नेपाल रेलवे कम्पनी लिमिटेडका कर्मचारीहरू बताउँछन् ।




पछिल्लो पाँच वर्षको तथ्यांकले कम्पनीको आम्दानीभन्दा खर्च करिब तेब्बरभन्दा बढी रहेको देखाउँछ । सोही कारण रेलवे सेवा दीर्घकालीन रूपमा आर्थिक संकटतर्फ गइरहेको जानकारहरू बताउँछन् । कम्पनीको व्यावसायिक कार्ययोजना, २०८२ अनुसार आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म १९ करोड २१ लाख आम्दानी हुँदा ६७ करोड ३७ लाख रुपैयाँ खर्च भएको उल्लेख छ ।

पछिल्लो आर्थिक वर्ष २०८०/८१ मा मात्र आठ करोड ५० लाख रुपैयाँ आम्दानी हुँदा २६ करोड २७ लाख रुपैयाँ खर्च भएको कम्पनीका तत्कालीन महाप्रबन्धक निरञ्जन झाले बताए । उनका अनुसार अहिले मासिक आम्दानी करिब ७५ लाख रुपैयाँ भए पनि खर्च एक करोड २९ लाख रुपैयाँ पुग्ने गरेको छ ।

आम्दानीले खर्च धान्न नसक्दा कम्पनीले सरकारको जमानीमा ऋण लिँदै सञ्चालन गर्नुपरेको झाको भनाइ छ । '२०८१ असार मसान्तसम्म सावाँ र ब्याजसहित कुल ऋण ७९ करोड रुपैयाँ नाघिसक्दा कम्पनीमाथि थप आर्थिक दबाब सिर्जना गरेको छ,' उनले भने, 'यात्री सेवाका हिसाबले भने रेल प्रभावकारी मानिएको छ ।'

पूर्वमहाप्रबन्धक झाका अनुसार भारतको जयनगरबाट जनकपुरधामहुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालन भइरहेको रेल सेवा दैनिक तीनपटक सञ्चालन हुँदै आएको छ । घाटाको प्रमुख कारणमध्ये भारतीय प्राविधिक कर्मचारीमा हुने उच्च खर्च मुख्य मानिएको उनको भनाइ छ । हाल यहाँ १७ जना भारतीय कर्मचारी कार्यरत रहेका जनाउँदै पूर्वमहाप्रबन्धक झाले त्यसका लागि कम्पनीले भारतीय कोकन कम्पनीलाई मासिक करिब एक करोड १२ लाख भुक्तानी गर्दै आएको बताए ।

उनका अनुसार नेपालीतर्फ १०३ कर्मचारीको कुल तलब १७ लाख रुपैयाँ छ । स्थायी प्राविधिक जनशक्तिको अभाव, वर्कसपको कमी, स्वदेशी चालक तथा स्टेसन मास्टरको अभाव, फ्युलिङ स्टेसन नहुनु र इन्धनसमेत भारतबाट ल्याउनुपर्ने अवस्थाले

*- बाँकी पृष्ठ ३ मा*

# हावाहुरी पीडित मुसहरलाई नगरपालिकाको सहयोग

सिरहा : शनिबार साँझ आएको हावाहुरीबाट प्रभावित मुसहर परिवारलाई लहान नगरपालिकाले राहत वितरण गरेको छ ।



हावाहुरीका कारण लहान नगरपालिका-२१ कालाबन्जरस्थित मुसहर बस्तीका २१ परिवारको जस्तापाता उडाएको थियो । स्थलगत निरीक्षणका क्रममा नगरप्रमुख महेशप्रसाद चौधरीले पीडित परिवारलाई त्रिपाल, चामल, नुन, खानेतेललगायतका आवश्यक सामग्री वितरण गरे ।

सो अवसरमा नगरप्रमुख चौधरीले पीडितको तत्काल बसोबासको व्यवस्थापनमा नगरपालिकाले प्राथमिकता दिएको बताए ।

'हावाहुरीबाट प्रभावित परिवारलाई तत्काल सुरक्षित बसोबासका लागि त्रिपाल उपलब्ध गराएका छौँ,' उनले भने, 'अब एक हप्ताभित्रै जस्तापाता उपलब्ध गराएर दीर्घकालीन बसोबासको व्यवस्था गर्छौं ।' नगरप्रमुख चौधरीले भूमिहीन तथा सुकुम्वासी परिवारको दीर्घकालीन व्यवस्थापनका लागि नगरपालिकाले दोस्रो चरणमा ५०० घर निर्माण गर्ने योजना अघि बढाएको जानकारी दिए । 'हामी सुकुम्बासी परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने योजनामा छौँ,' उनले भने । उक्त बस्तीमा ४२ परिवार बसोबास गर्दै आएका छन् । यसैबीच, हावाहुरीकै कारण लहान-२४ मा सात घर र लहान-१९ मा एक घरमा पनि क्षति पुगेको छ ।

# महिलालाई व्यवसायीमुखी बनाउन सीपमूलक तालिम

**जनकपुरधाम** : महिलालाई रोजगारमूलक तथा व्यवसायमुखी बनाउने उद्देश्यले फाइबर माला तथा कालोधुप, कपासका बत्ती बनाउनेसम्बन्धी ११ दिने तालिम आयोजना गरिएको छ । जनकपुर उपमहानगरपालिका-२१ स्थित कुर्थामा आईतवार तालिमको समापन गरिएको हो ।

'गरिबसँग विषेश्वर' कार्यक्रमअन्तर्गत वडाको तीन लाखको सहयोगमा आयोजना गरिएको तालिममा आर्थिक अवस्था कमजोर भएका ३० जना महिलाको सहभागिता थियो । फाइबर माला तथा कालोधुप, कपास बत्ती तालिम उपभोक्ता समिति जनकपुरधाम-२१ कुर्थाद्वारा संचालित तालिमका सहभागी महिलालाई आज एक समारोहबीच तालिम प्रमाणपत्र वितरण गरिएको थियो ।

जनकपुरधाम-२१ स्थित कुर्थामा सो तालिमको समापनका अवसरमा आयोजित समारोहमा २१ नं वडाका वडाध्यक्ष राजनारायण साहले महिलाले आफ्नो हकअधिकारका लागि घरमा मात्र बसेर नहुने स्वरोजगार बन्नुपर्ने धारणा व्यक्त गरे । त्यसका लागि समयसापेक्ष विभिन्न किसिमका सीपमूलक तालिम लिएर आत्मर्निभर तथा व्यवसायी बन्नुपर्नेमा जोड दिए ।

सरकारी तथा गैरसरकारीलगायत विभिन्न क्षेत्रबाट महिलालाई दिइने रोजगारमूलक तथा व्यवसायमूलक तालिमलाई व्यवहारमा उर्तान सके मात्र तालिमले स्वरोजगारी उपलब्ध गराउने बताए । जिल्ला समन्वय समिति धनुषाका सदस्य तथा समाजसेवी महेन्द्र महतोले समाजको विकासमा महिलाको ठूलो योगदान रहेकाले महिला

*- बाँकी पृष्ठ ३ मा*

## कर्मचारी आवश्यकता

मधेश प्रदेशको **Gold Star** कम्पनीको जुत्ता चप्पलको अधिकृत विक्रेता S.B.Sales and Suppliers बर्दिवासका लागि केही कर्मचारी आवश्यकता भएको हुनाले इच्छुक व्यक्ति तुरुन्त सम्पर्क राख्नुहोला ।

| | |
|---|---|
| पद : सेल्स मार्केटिङ्ग<br>संख्या : १ जना (पुरुष)<br>योग्यता : +२ उत्तिर्ण | पद : स्टोर किपर<br>संख्या : १ जना (पुरुष)<br>योग्यता : +२ उत्तिर्ण |

**तलब :** आपसी सम्झदारीमा तय गरिनेछ ।
**नोट :** मोटरसाईकल लाईसेन्स भएको, सम्बन्धीत काममा अनुभवी र स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।

सम्पर्क :
**S.B.Sales & Suppliers**
बर्दिवास-१, महोत्तरी
मो.नं.- ९८२३४९१९२१, ९८४४३६१५८८

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

## श्री त्रिभुवन नमुना माध्यमिक विद्यालय

**गौशाला, महोतरीको**

**शैक्षिक सत्र २०८३का लागि** Diploma in Civil Engineering (9-12)

**संकाय आध्ययन गर्ने ईच्छुक छात्र छात्रहरुलाई फारम भर्नाको लागि आह्वान गरिन्छ ।**

### हाम्रो विशेषताहरू

१. अनुशासित वातावरणमा दक्ष शिक्षक/प्रशिक्षकद्धारा अध्यापन गराईने ।
२. सुविधा सम्पन्न प्रयोगशालाको छुट्टा छुट्टै विषयको व्यवस्था भएको ।
३. प्रत्येक कक्षामा र विद्यालयको हरेक ठाउँमा CCTV क्यामराको निगरानीमा अध्यापन साथै विद्यार्थीको रेखदेख निगरानी गरिने ।
४. Civil Engineering मा अध्ययन छात्र/क्षत्राहरुका लागि परीक्षण सम्बन्धी प्रयोगशालाको व्यवस्था ।
५. प्रत्येक कक्षामा वर्ग विभाजनको (Section) व्यवस्था।
६. स्मार्ट बोर्डको प्रयोग गरि अध्यापन गराईने ।

### हाम्रो कार्यक्रम

१. फारम वितरण २०८२/१२/२० गतेदेखि २०८३/०१/०४ सम्म ।
२. Orientation Class २०८३/०१/०२ गतेदेखी ०५ गते सम्म
३. प्रवेश परीक्षा २०८३/०१/०६ गते ।
४. भर्ना सुरु २०८३/०१/०७ गतेबाट
५. कक्षा संचालन २०८३/०१/१३ गतेबाट.....
६. सम्पर्क स्थान श्री त्रि.न.मा.वि. को कार्यालय
७. समय विहान ७:०० बजेदेखि ११:०० बजे सम्म ।
८. फारम र प्रवेश परीक्षा दस्तुर रु १००/–।

**प्रधानाध्यापक** : विनोद महतो (मो. ९८१४८००९८९)
**संयोजक** : ई. पप्पु कुमार रौशन (मो.९८०१६७४८५०)

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री